Accrual Accounting Manual तयार पार्दा Nepal Public Sector Accounting Standard (NPSAS) हरूलाई आधार मानिएको हुनुपर्ने तथा नगरपालिकाहरूलाई Public Sector Entity सरह मानिएको हुनाले र नेपाल सरकारले समेत NPSAS लागुगर्न २०६६ भाद्रमा स्वीकृति जनाईसकेको अवस्थामा यसलाई नकार्न नमिल्ने धारणा राख्नुभयो । त्यस्तै उहाँले सवै नगरपालिकामा एकैपटक लागुगर्न नसक्ने अवस्थामा PILOT Project को रूपमा कुनै एक दुई नगरपालिकामा शुरूआत गर्नु राम्रो हुने विचार राख्नु भयो । यसै परिप्रेक्षमा उहाँले हाल विश्वका ४० भन्दा बढी मुलुकमा IPSAS लागु भएकोले ढिलो चाडो हामी पनि त्यसबाट अलग हुन नसक्ने र यस Manual ले यस दिशामा जान प्ररित गर्ने धारणा राख्नु भयो ।

## शिक्षा विभाग सम्बन्धी

## विद्यार्थी सम्बन्धी समाचार

### छात्रवृति सम्बन्धी

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, शिक्षा विभागले आ.व २०६८/६९को लागि भदौ महिनामा छात्रबृतिका लागि दरखास्त आव्हान गरेकोमा विभिन्न तहका गरी कुल २१४ जनाले दरखास्त पेस गरेका छन् ।

### सूचना प्रविधिको तालिम

CAP II, CAP III Level तथा एकाउन्टिङ्ग टेक्निसीयन कोर्षमा अध्ययनरत विद्यार्थीहरूले कोर्षको शिलशिलामा अनिवार्य गनुपर्ने सूचना प्रविधिको तालिमको निमित्त शिक्षा विभागले सम्बन्धित सबैबाट दर्ता आव्हान गरेको छ ।

### प्रकाशन सम्बन्धमा

संस्थाले CAP II ,CAP III Level तथा एकाउन्टिङ्ग टेक्निसीयन कोर्षमा अध्ययनरत विद्यार्थीहरूको लागि आवश्यक पर्ने पुस्तक Information Technology Practical Training Material Model प्रकाशनमा ल्याएको छ ।

त्यसैगरी, CAP I Level का विद्यार्थीहरूलाई मध्यनजर गरी जुन २०११ को प्रस्तावित उत्तरको संगालो Suggested Answer किताबी रूपमा प्रकाशनमा आईसकेको छ भने CAP II Level को प्रकाशित हुने तयारीमा रहेको छ ।

### विद्यार्थी आदान प्रदान कार्यक्रम

शिक्षा विभागले विद्यार्थी आदान प्रदान कार्यक्रम अन्तर्गत यही जुलाई २३ देखि २४, २०११ सम्म CAP III Level मा अध्ययनरत विद्यार्थीहरू मध्ये पाँच विद्यार्थीहरूलाई भारतको नागपुरमा आयोजित कार्यक्रममा संस्थाको तर्फबाट भागलिने अवसर प्रदान गर्‍यो । उक्त कार्यक्रममा भागलिने प्रत्येक विद्यार्थीले आ-आफ्नो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । Improving Excellence theme रहेको उक्त कार्यक्रममा Shankar Thapa, Sujeep Shrestha, Shikha Bagla, Sajani Aryal, Lalita Pyatha ले भाग लिनु भएको थियो ।

### केरीयर काउन्सलिङ्ग (Career Counselling)

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, शिक्षा विभागले चार्टर्ड एकाउन्टेन्सी शिक्षाको महत्वको बारेमा जानकारी प्रदान गर्ने उद्देश्यले मिति २०६८ अषाढ २५ गतेका दिन शाखा कार्यलय बिराटनगरको संयोजकत्वमा बिराटनगरमा केरीयर काउन्सलिङ्ग कार्यक्रमको आयोजना गर्‍यो ।

उक्त कार्यक्रममा चार्टर्ड एकाउन्टेन्सी कोर्ष पश्चात प्राप्त गर्न सकिने संभाव्यता समेतको जानकारी प्रदान गराईएको थियो । शिक्षा विभागले उपत्यका तथा उपत्यका बाहिर सोही अनुसारका कार्यक्रमहरू संचालन गर्ने लक्ष्य अनुरूप उक्त कार्यक्रम संचालन गरेको थियो । सरोकारवालाहरूको उल्लेख्य सहभागिता रहेको उक्त कार्यक्रममा चार्टर्ड एकाउन्टेन्सी शिक्षामा गहिरो रूचि देखाएका थिए ।

## परीक्षा विभाग सम्बन्धी

### २०११ जून महिनामा सम्पन्न परीक्षाको नतिजा प्रकाशित

जुन २०११ मा संस्थाबाट संचालित चार्टर्ड एकाउन्टेन्सी कोर्ष अन्तर्गत बिभिन्न तहको अन्तिम परीक्षाको नतिजा यही मिति २०६८/०४/३० का दिन प्रकाशित गरिएको छ । २०६८/०२/१८ देखि २०६८/०२/२६ सम्म उक्त परीक्षा सञ्चालन भएको थियो । २०११ जुन महिनाको परीक्षामा सामेल भई उतीर्ण हुने तहगत रूपमा विद्यार्थीको संख्या निम्न रहेको छ ।

| क्र.सं | तह | विवरण | दुवै समूह | पहिलो समूह | दोस्रो समूह | कूल |
|---|---|---|---|---|---|---|
| १ | फाउन्डेसन | परीक्षामा सामेल | ५ | २ | ८ | १५ |
| | | परीक्षा उत्तीर्ण | ० | ३ | २ | ५ |
| २ | ईन्टरमिडीयट | परीक्षामा सामेल | ७ | १५ | ७ | २९ |
| | | परीक्षा उत्तीर्ण | ० | ८ | १ | ९ |
| ३ | फाईनल | परीक्षामा सामेल | १६ | १७ | १३ | ४६ |
| | | परीक्षा उत्तीर्ण | १ | ६ | ११ | १८ |
| ४ | CAP I | परीक्षामा सामेल | ४९२ | ७३ | ७१ | ६३६ |
| | | परीक्षा उत्तीर्ण | १९६ | ७३ | ६१ | ३३० |
| ५ | CAP II | परीक्षामा सामेल | ५२२ | ११९ | १०२ | ७४३ |
| | | परीक्षा उत्तीर्ण | १७ | ६२ | ११ | ९० |
| ६ | CAP III | परीक्षामा सामेल | ४३ | १६ | १३ | ७२ |
| | | परीक्षा उत्तीर्ण | १ | १ | ३ | ५ |

विभिन्न तहमा गरी जम्मा ३१८ विद्यार्थीहरू उर्तीण भएका छन् । जसमध्ये फाईनल Level मा १० जना, CAP III Level मा २ जना, CAPII तथा ईन्टरमिडियट Level मा जम्मा ५७ जना र CAP I तथा फाउन्डेसन Level मा जम्मा २४९ जनाले परीक्षा उर्तीण गरेका छन् ।

## अन्तराष्ट्रिय समाचार

### ७३औं साफा एसेम्ब्ली मिटिङ्ग सम्पन्न

२५ जुलाई २०११मा पाकिस्तानको कराचीमा आयोजित ७३ औं साफा एसेम्ब्ली मिटिङ्गमा संस्थाको तर्फबाट सात सदस्यीय प्रतिनिधि मण्डलले भाग लियो । संस्थाका अध्यक्ष सिए. सुदर्शनराज पाण्डेको नेतृत्वमा गएको प्रतिनिधि मण्डलमा संस्थाका उपाध्यक्ष सिए. मधु विर पाण्डे भूतपूर्व अध्यक्ष तथा पार्षद सिए. सुवोधकुमार कर्ण लगायत परिषदका अन्य सदस्यहरू सिए. महेश खनाल, आरए. भुवन प्रसाद आचार्य, आरए. कृष्ण प्रसाद पौडेल, आरए. सुरेश प्रधानको सहभागिता रहेको थियो ।

त्यसैगरी २६ तथा २७ जुलाई २०११ मा आयोजित ICAP को Golden Jubilee कार्यक्रममा समेत उक्त टोलीले सहभागिता जनाएको थियो ।

### १८औं कापा कन्फरेन्स तथा कापा जेनेरल एसेम्व्ली मिटिङ्ग, अष्ट्रेलिया

६-८,सेप्टेम्बर २०११मा अष्ट्रेलियाको व्रिसवनमा आयोजित १८औं CAPA Conference मा संस्थाको तर्फबाट पाँच सदस्यीय प्रतिनिधि मण्डलले भाग लियो । संस्थाका उपाध्यक्ष सिए. मधु विर पाण्डेको नेतृत्वमा गएको प्रतिनिधि मण्डलमा परिषदका निवर्तमान अध्यक्ष सिए. सुनिरकुमार ढुंगेल, पूर्व अध्यक्ष सिए. सुवोधकुमार कर्ण, सिए. कृष्णप्रसाद आचार्य तथा संस्थाका कार्यकारी निर्देशक सिए. विनयप्रकाश श्रेष्ठको सहभागिता रहेको थियो ।

त्यसैगरी, ९-१०, सेप्टेम्बर २०११मा आयोजित CAPA General Assembly Meeting मा समेत उक्त टोलीले सहभागिता जनाएको थियो ।



## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका सदस्यहरुलाई सूचना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ तथा आचार संहिताको अधिनमा रही परिषदले गरेका देहाय वमोजिमका निर्णयहरू संस्थाका सदस्यहरूले अनिवार्य पालना गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### न्यूनतम लेखापरीक्षण शुल्क र पारिश्रमिक सम्बन्धमा

विभिन्न वर्गका पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरूले परिषदको निर्णयानुसार प्रत्येक लेखापरीक्षणको न्यूनतम शुल्करपारिश्रमिक निम्न बमोजिम लिनु पर्नेछ ।

१) एफ.सि.ए सदस्यहरूले न्यूनतम १५(पन्ध्र) हजार रूपैया ।
२) सि.ए सदस्यहरूले न्यूनतम १०(दश) हजार रूपैया ।
३) "ख" वर्गका दर्तावाला लेखापरीक्षक सदस्यहरूले न्यूनतम १० (दश) हजार रूपैया ।
४) "ग" वर्ग र "घ" वर्गका दर्तावाला लेखापरीक्षक सदस्यहरूले न्यूनतम ५(पाँच) हजार रूपैया ।
५) नेपाल राष्ट्रबैंकबाट मान्यता प्राप्त बैंक तथा वित्तीय संस्था र वीमा समितिबाट मान्यता प्राप्त वीमा कम्पनीको लेखापरीक्षणको न्यूनतम शुल्करपारिश्रमिक ४० (चालीस) हजार रूपैंया ।

तर, वार्षिक ५(पाँच) लाख भन्दा कम कारोवार भएका सरकारी प्राथमिक विद्यालयहरूको हकमा तथा वार्षिक २(दुई) लाख भन्दा कम कारोवार भएका सानातिना सहकारी संस्था, धार्मिक संघ संस्था, सामाजिक संघ संस्था, उपभोक्ता समूह, विभिन्न किसिमका समितिहरू, ट्रेड युनीयन तथा पेशागत संघ संस्थाहरू तथा अन्य यस्तै संघ संस्थाहरूको हकमा परिषदले तोकेको न्यूनतम लेखा परीक्षण शुल्क लागुहुने छैन । तर बिना कुनै पारिश्रमिक भने लेखापरीक्षण गर्नुहुंदैन ।

### लेखापरीक्षण गर्न पाउने हद रकम सम्बन्धमा

पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरूलाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली (संसोधन सहित), २०६१ मा निम्न बमोजिमको हद सम्म लेखापरीक्षण गर्ने सक्ने अधिकार प्रदान गरेको छ ।

१) पेशागत प्रमाणपत्र नविकरण अद्यावधिक भएका सि.ए तथा एफ.सि.ए सदस्यहरूलाई जतिसुकै रकम सम्मको ।
२) "ख" वर्गको पेशागत प्रमाणपत्र नविकरण अद्यावधिक भएका आर.ए सदस्यहरूलाई ४० (चालिस) करोड रूपैया सम्मको ।
३) "ग" वर्गको पेशागत प्रमाणपत्र नविकरण अद्यावधिक भएका आर.ए सदस्यहरूलाई १० (दश) करोड रूपैया सम्मको ।
४) "घ" वर्गको पेशागत प्रमाणपत्र नविकरण अद्यावधिक भएका आर.ए सदस्यहरूलाई १ (एक) करोड रूपैया सम्मको ।

### अधिकतम लेखापरीक्षण गर्ने पाउने सीमा संख्या सम्बन्धमा

पेशागत प्रमाणपत्र प्राप्त सदस्यले एक आर्थिक वर्षमा जम्मा १०० (एक सय) वटा मात्र लेखापरीक्षण गर्न पाउने छन् जसमा पब्लिक कम्पनीको संख्या १५ भन्दा बढी हुने छैन । साझेदारी फर्मका प्रत्येक साझेदारले यो सिमा संख्या सम्म लेखापरीक्षण गर्न पाउने छ । तर उपरोक्त सिमा संख्याको गणना गर्दा वार्षिक ५(पाँच) लाख भन्दा कम कारोवार हुने सरकारी प्राथमिक बिद्यालयहरू समावेश गरिने छैन ।

### एक व्यक्ति एक पेशा सम्बन्धमा

गत २०६७ पौष २० गतेको नेपाल सरकार, अर्थमन्त्रालयको (मा.मन्त्रीस्तरीय) निर्णय बमोजिम नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली २०६१ मा संशोधन भएको छ । उक्त संशोधन अनुसार एक व्यक्ति एक पेशाको नियम चार्टर्ड एकाउन्टेन्ट सदस्यहरूलाई सोही मिति देखि पूर्ण रूपमा लागु भईसकिएको छ जसअनुसार पूर्णकालिन सेवारत चार्टर्ड एकाउन्टेन्ट सदस्यहरूले पेशागत प्रमाणपत्र पाउने छैनन् भने पाई रहेका चार्टर्ड एकाउन्टेन्ट सदस्यहरूको पेशागत प्रमाणपत्र स्वतः स्थगन भैसकेको छ । दर्तावाला लेखापरीक्षक सदस्यहरूको हकमा भने यो नियम मिति २०७० श्रावण ०१ गते देखि मात्र लागू हुनेछ ।

पूर्णकालिन सेवारत सदस्यको परिभाषा तथा यसको प्रष्टिकरण संस्थाको वेब साइटमा हेर्न सकिनेछ ।

### शाखाको लेखापरीक्षण (Branch Audit) सम्बधमा

बैंक तथा वित्तीय संस्थाको कुनै शाखाले उक्त बैंक तथा बित्तीय संस्थामा जम्मा भएको निक्षेप वा ऋण लगानीको दुई प्रतिशत वा सो भन्दा बढी रकम संकलन वा ऋण लगानी गरेको भएमा त्यस्तो शाखाको छुट्टै स्वतन्त्र लेखापरीक्षण गर्नुपर्ने छ ।

सदस्यहरूले बैंक तथा वित्तीय संस्थाका लेखापरीक्षण गर्ने क्रममा कुनै शाखाले उक्त बैंक तथा बित्तीय संस्थामा जम्मा भएको निक्षेप वा ऋण लगानीको दुई प्रतिशत वा सो भन्दा बढी रकम संकलन वा ऋण लगानी भए नभएको यकिन गर्नुपर्नेछ र यस्ता शाखाहरूको स्वतन्त्र लेखापरिक्षण प्रतिबेदन प्राप्त गर्नुपर्ने छ ।

यसरी बैंक तथा बित्तिय संस्थाको उपरोक्त बमोजिमका शाखाहरूको स्वतन्त्र लेखापरीक्षण नभएको अबस्थामा लेखापरिक्षकले आफ्नो लेखापरीक्षण प्रतिवेदनमा "..शाखाहरूबाट प्राप्त विवरण" भन्ने वाक्यांशको पछाडी "स्वतन्त्र लेखापरिक्षण नगरिएको भएतापनि..." ("The returns received from branches of the Bank…." to be followed by "though the statements are independently not audited……" ) भन्ने शब्दाबली थप गरी Unqualified report जारी गर्न सक्ने छन् ।

### नेपाल लेखामान तथा लेखापरीक्षणमान लागू गर्ने सम्बधमा

यस संस्थाले जारी गरेको नेपाल लेखामान तथा नेपाल लेखापरीक्षणमानको पूर्ण रूपमा पालना गर्नु सम्पूर्ण सदस्यहरूको कर्तब्य हो । सदस्यहरूले लेखापरीक्षण गर्ने सिलसिलामा सम्पूर्ण लेखापरीक्षणमानहरूलाई पूर्णतया पालना गर्नुपर्दछ भने ग्राहकले वित्तिय विवरण तयार पार्दा नेपाल लेखमानको परिपालना गरे नगरेको समेत हेर्नु पर्दछ । यदि ग्राहकले वित्तिय विवरण तयार पार्दा नेपाल लेखामानको परिपालना गरेको छैन भने आफ्नो लेखापरीक्षण प्रतिबेदनमा स्पष्ट उल्लेख गर्नु पर्दछ ।

नेपालमा बैंक तथा वित्तिय संस्थाहरू तथा बीमा कम्पनीहरूले आफ्नो आयको लेखांकन गर्दा Nepal Accounting Standard अनुसार Accrual Basis मा गर्नुपर्नेमा सम्बन्धित संस्थाको नियमनकारी निकायको ऐन, नियम तथा निर्देशन अनुसार Cash Basis मा लेखांकन गर्ने गरेको हुँदा ती निकायहरूको लेखापरीक्षण गरि लेखापरीक्षण प्रतिवेदन जारी गर्दा नेपाल लेखामानको आधारमा यथार्थ चित्रण गर्दछ भनि राय पेश गर्न नमिल्ने देखिन्छ । तसर्थ यस्तो अवस्थामा प्रस्तुत आर्थिक विवरण "नेपाल लेखामान अनुसार तयार पारिएको छ" भन्ने शब्दाबलीको अगाडी "प्रचलित कानुनका अधिनमा रही लागु गर्न सकिने हदसम्म" ("…in accordance with Nepal Accounting Standards.." to be followed by "so far as applicable in compliance with the prevailing Laws..") भन्ने शब्दाबली थप गरी Unqualified report जारी गर्न सक्ने छन् ।

संस्थाका सदस्यहरूले उपरोक्त ब्यवस्थाहरूको वर्खिलाप कुनै कार्य गरेमा तथा कार्य गरेको उजूरी संस्थामा प्राप्त भएमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ तथा आचार संहिता बमोजिम कार्वाही हुन सक्ने ब्यहोरा सम्वन्धित सबैको जानकारीको लागी सूचित गरिन्छ ।

प्रापकको नाम र ठेगाना:

टिकट

प्रकाशक : सम्पादन समिति
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)
बबरमहल, काठमाडौं, पो.ब.नं. ५२८९, फोन: ०१-४२५८५६९/४२६९१३०/२०३००२१
फ्याक्स: २५८५६८, इमेल: ican@ntc.net.np, वेबसाइट: www.ican.org.np
शाखाहरू : विराटनगर, बुटवल, वीरगञ्ज

वर्ष ३, अंक १
असोज २०६८, Sept. 2011

# ICAN Newsletter

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र

सदस्य महानुभावहरू,



नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको १५ औं अध्यक्षको रूपमा आफुलाई प्रस्तुत गर्न पाउँदा साह्रै गौरवान्वित महसुस गर्नुका साथै आफु माथी ठूलो जिम्मेवारी आएको महसुस गरेको छु । मलाई यस गरीमामय पदमा निर्विरोध निर्वाचित गराउनु भएकोमा सम्पूर्ण पार्षदज्यूहरूलाई हृदय देखि धन्यवाद दिन चाहन्छु । मेरो यस गहन जिम्मेवारी पूरा गर्न पूर्व अध्यक्षज्यूहरू, उपाध्यक्षज्यू, पार्षदज्यूहरू, कर्मचारीहरू एवं संस्थाका सम्पूर्ण सदस्यज्यूहरूबाट पूर्ण सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, नेपालमा लेखाव्यवसायको विकास गर्ने, नियमन गर्ने, लेखा व्यवसायीको उत्तरदायित्व, सामाजिक मान्यता तथा बिश्वास अभिबृद्धि गर्ने, लेखाव्यवसायलाई मर्यादित र विश्वासिलो बनाउन अन्तराष्ट्रिय प्रचलन अनुसार क्षमता अभिबृद्धि गराउने जस्ता गहन एवं पवित्र उद्देश्य लिई नेपाल चार्टड एकाउन्टेन्ट्स ऐन २०५३ द्वारा गठित एक स्वशासित संस्था हो । ऐनले निर्दिष्ट गरिदिएको उपरोक्त उद्देश्य प्राप्ति गर्नु संस्थाको प्रमुख कर्तव्य हुन्छ । यो वर्ष पाँचौ परिषदको अन्तिम वर्ष भएकोले यस अघि शुरू गरिएका कार्यक्रमलाई समेत निरन्तरता दिनु मेरो दायित्व ठानेको छु । संस्थाको एवं आफ्नो कर्तव्यलाई आत्मसाथ गर्दै परिषद्को १५औं अध्यक्षको हैसियतले यस वर्षको लागि निम्नानुसारको योजना प्रस्तुत गरेको छु ।

### १. सदस्यहरुको व्यावसायीक क्षमता अभिबृद्धी एवं आचरणका सम्बन्धमा:

- संस्थाको सदस्यहरू मध्ये झण्डै साढे सात हजार दर्तावाला लेखापरीक्षक सदस्य रहेको र सो मध्ये पचास प्रतिशत भन्दा बढी सदस्यहरू काठमाण्डौ बाहिर रहेको बस्तुस्थितीलाई ध्यानमा राखि अनवरत व्यवसायिक शिक्षा कार्यक्रमलाई बढी भन्दा बढी काठमाण्डौ बाहिर पुर्‍याउने । यसलाई बढी प्रभावकारी बनाउन व्यवसायिक संगठन, लगायत अन्य सम्बन्धित पक्षहरूसँग समन्वय गर्ने । विभिन्न संगठित संस्थाहरूले आन्तरिक एवं बाह्य रूपमा संचालन गर्ने तालिमहरूलाई पनि गुणस्तर र विषयवस्तुहरूको आधारमा संस्थाको मापदण्ड अनुरूपको सी.पी.ई. प्रदान गर्ने व्यवस्था लाई निरन्तरता दिने । यसका लागि तालिम संचालन गर्ने संस्थाले पूर्व स्वीकृति लिनुपर्ने व्यवस्थालाई समेत निरन्तरता दिईनेछ ।
- कार्यक्रममा बढी भन्दा बढी समसामयिक विषयवस्तु समावेश गरी लेखा ब्यवसायीको क्षमता अभिवृद्धि गर्ने ।
- सदस्यहरूको क्षमता अभिबृद्धि कार्यक्रम अन्तर्गत दर्तावाला लेखापरीक्षक सदस्यहरूलाई लक्षित गरी संचालन गर्दै आइरहिएको Practical Training Program लाई निरन्तरता दिइने छ ।
- संस्थाको शाखा कार्यालय रहेको स्थानमा सकेसम्म स्थानीय श्रोत व्यक्तिहरूको परिचालन गरी Structured Training Program यस वर्ष कम्तिमा एक एक पटक संचालन गरिनेछ ।
- संस्थाका सदस्यहरूलाई अन्तर्राष्ट्रिय प्रचलन समेत जानकारी गराउने उद्देश्यले भारत लगायत अन्य देशबाट Resource Person बोलाई नेपालमा Seminar, Workshop संचालन गरिनेछ ।

पृष्ठ २ मा क्रमशः...

### सपथ ग्रहण समारोह सम्पन्न




कार्यवाहक महालेखा परीक्षक श्री खेमप्रसाद दाहालज्यू नव नियुक्त अध्यक्ष सिए. सुदर्शनराज पाण्डेलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु हुंदै ।

पाँचौ परिषदको तेश्रो कार्यकालका निमित्त नवनिर्वाचित अध्यक्ष सिए. सुदर्शनराज पाण्डेलाई २०६८/०४/०६ गतेका दिन एक समारोहका बीच प्रमुख अतिथि कार्यवाहक महालेखापरीक्षक श्री खेमप्रसाद दाहालज्यूले पद तथा गोपनीयताको शपथ गराउनु भयो । पाँचौं परिषदको दोश्रो कार्यकालमा उपाध्यक्षको भूमिका निर्वाह गर्नुभएका सि.ए. पाण्डे यसै परिषदको तेश्रो कार्यकालको निमित्त निर्विरोध अध्यक्ष पदमा निर्वाचित हुनुभएको थियो । सिए. सुदर्शनराज पाण्डे संस्थाको १५औं अध्यक्षको रूपमा निर्वाचित हुनुभएको हो ।

उक्त अवसरमा पाँचौ परिषदको तेश्रो कार्यकालका निमित्त नव निर्वाचित उपाध्यक्ष सिए. मधु विर पाण्डेलाई संस्थाका अध्यक्ष सिए. सुदर्शनराज पाण्डेले सोही समारोहमा पद तथा गोपनीयताको शपथ गराउनु भएको थियो ।
सपथ ग्रहण समारोहमा तत्कालिन अध्यक्ष सिए. सुनिरकुमार ढुंगेलले आफ्नो एक बर्षे कार्यकालमा भएका कार्यहरूको विस्तृत जानकारी गराउँदै नवनियुक्त अध्यक्ष तथा उपाध्यक्षलाई बधाई दिनु भएको थियो भने सोही अवसरमा पाँचौ परिषदको तेश्रो कार्यकालको निमित्त अध्यक्षको कार्यभार सिए. सुदर्शनराज पाण्डेलाई हस्तान्तरण गर्नुभएको थियो ।

नव निर्वाचित अध्यक्ष सिए. सुदर्शनराज पाण्डेले आफूलाई निर्विरोध निर्वाचित गराउनुहुने पार्षदज्यूहरूलाई धन्यवाद दिनुहुंदै आफ्नो कार्यकालमा सम्पन्न गर्ने कार्यक्रमका बारेमा जानकारी गराउनु भएको थियो । उक्त अवसरमा उहाँले पूर्व अध्यक्षज्यूहरू लगायत पार्षदज्यूहरू, समिति सदस्यहरू, सस्थाका कर्मचारीहरू तथा संस्थाका सदस्यहरूबाट पूर्ण सहयोग प्राप्तहुने विश्वास लिदैं यस वर्ष पाँचौ परिषदको अन्तिम वर्ष भएकोले यस अघि शुरू गरिएका कार्यक्रमलाई समेत पूर्ण गर्नुपर्ने दायित्व आफ्नो काधमा आएको भनाई राख्नु भएको थियो ।

### उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कारको घोषणा



कार्यवाहक महालेखापरीक्षक श्री खेमप्रसाद दाहालज्यू उत्कृष्ट राष्ट्रिय वित्तीय प्रतिवेदन पुरस्कार प्रदान गर्नु हुंदै ।

- ICAI को प्राविधिक सहयोगमा संस्थाका सदस्यहरूलाई ISA Course तथा सदस्य एवं लेखाव्यवसायमा रूचि राख्ने व्यक्तिको लागि IFRS Certification Course संचालन गरिनेछ ।
- Peer Review लाई चालु वर्ष देखि क्रमिक रूपमा लागु गराउने । त्यसको लागि Peer Reviewer लाई आवश्यक Training प्रदान गरिनेछ ।
- सदस्यहरूको व्यावसायिक समस्या सम्बोधन गर्न ACAN, AuDAN जस्ता व्यावसायिक संगठनहरू सँग निरन्तर समन्वय गरिनेछ ।
- चार्टर्ड एकाउटेन्ट सदस्यमा एक व्यक्ति एक पेसा लागु भइसकेको र रजिष्टर्ड अडिटर सदस्यहरूको हकमा २०७० देखी लागु हुने हुँदा सदस्यहरूलाई यस तर्फ औपचारीक अनौपचारीक रूपमा सजग गराईने छ ।
- सदस्य सेवाको लागि क्षेत्रगत आधारमा सदस्यता नवीकरण गर्न डोर खटाउने र सो सम्बन्धमा अग्रीम जानकारीको व्यबस्था समेत दिईने छ ।
- सदस्यता नवीकरण Electronically गर्न सकिने सम्भाव्यता अध्ययन गरिने छ ।
- सदस्यहरूमा रहेका व्यवसायिक जिज्ञासा समाधान गर्न ICAN मा त्यस्ता जिज्ञासाहरू E-mail मार्फत समेत लिने व्यवस्था मिलाईने छ ।
- आयकर ऐन, मु. अ. कर ऐन, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन जस्ता ऐन तथा नियमावलीमा भएको संसोधनहरू संस्थाको सदस्यको जानकारीको लागि संस्थाको Website मा राख्ने व्यवस्था मिलाईने छ ।
- अन्तर्राष्ट्रिय लेखामान, लेखापरीक्षणमा, Code of Ethics जस्ता सन्दर्भ सामाग्रीहरू संस्थाको Website मा राख्ने व्यवस्था मिलाईने छ ।
- संस्थाका सदस्यहरूले व्यावसायिक आचरण परिपालना गरे नगरेको अनुगमन गर्न एवं सदस्यहरूलाई आफ्नो दायित्व तर्फ जागरूक बनाउने उद्देष्यले Monitoring Committee लाई बढी भन्दा बढी प्रभाबकारी बनाईने छ ।
- संस्थाको सदस्य विरूद्ध प्राप्त उजुरीको संस्थाको कार्यालयबाट प्रारम्भिक छानविन गर्ने र यस्ता उजुरीलाई समयमानै निराकरण गर्न थप प्रयास गरिने छ ।
- विभिन्न निकायहरूबाट प्राप्त व्यावसायिकता सम्बन्धी सुझावहरू सदस्यहरूलाई यथा समयमा जानकारी गराईने छ ।
- संस्थाको सदस्यले परिपालन गर्नु पर्ने Code of Ethics को Hand Book तयार भएको र सोलाई आवश्यकता अनुसार परिमार्जन एवं नेपालीमा समेत अनुवाद गरी सदस्यहरूको पहुंचमा राखिने छ ।

## २. व्यवसायिक शिक्षा

- संस्थाको उद्देश्यमा लेखाव्यवसायलाई मर्यादित र विश्वासिलो बनाउन लेखाव्यवसायीको दर्ता, योग्यता तथा परीक्षा प्रणालीलाई अन्तर्राष्ट्रिय मान्यता र प्रचलन अनुसार विकास गर्नु रहेकोले सो कार्यलाई प्राथमिकतामा राखिने छ ।
- शिक्षाको गुणस्तर बृद्धि गर्न शिक्षा समिति एबं शिक्षा विभागलाई थप क्रियाशिल बनाइनेछ ।
- शिक्षा विभागलाई प्राविधिक रूपले सक्षम बनाउने, ICAI तथा अन्य Professional Body सँग समन्वय राखि शिक्षा विभागलाई अझ बढी प्रभावकारी वनाइने छ ।
- संस्थाका विभिन्न तहको पाठ्यक्रम नियमित रूपमा पुनरावलोकन गर्ने र पाठ्यक्रम तयार पार्दा IFAC को अन्तर्राष्ट्रिय शिक्षामान बोर्डद्वारा जारी गरिएको Standard एवं अन्य अन्तर्राष्ट्रिय मापदण्डलाई समेत आधार मानिने छ ।
- लेखाव्यवसायलाई थप रूचिकर बनाउने एवं यस व्यवसायसँग सम्बन्धित जनशक्ति तयार गर्न चार्टर्ड एकाउन्टेन्सी कोर्षतर्फ आकर्षित गर्न Entry Level को पाठ्यक्रम एवं परीक्षा प्रणालीलाई सरलीकरण गर्नेतर्फ नीतिगत व्यवस्थाहरू गरिने छ ।
- सि. ए. शिक्षाका विभिन्न तहको पाठ्य सामाग्री (Study Material) यस वर्ष पूर्ण रूपले तयार गरी विद्यार्थीलाई उपलब्ध गराईने छ ।
- विद्यार्थीहरूको परीक्षामा देखिएको नतिजा अध्ययन गरी कमजोर पक्षलाई Correction गर्न सम्बन्धित पक्षहरूसँग समन्वय गरिने छ ।
- संस्थाको IT Lab एवं संस्थाले Quality Assessment गरी छनौट गरिएको Training Institute मार्फत अनिवार्य IT Practical Training संचालन गर्ने र नियमित रूपमा गुणस्तर अनुगमन गरिने छ ।
- विद्यार्थीहरूमा देखिएका कमी कमजोरी निराकरण गर्न नियमित रूपले यस्ता Institute सँग अन्तरक्रिया गरिने छ ।
- नियमित रूपमा परिमार्जन गर्नुपर्ने विषयहरू प्रत्यक्ष कर (Direct Taxes), अप्रत्यक्ष कर (Indirect Taxes) र कानून (Laws) लाई नियमित रूपमा सामयिक परिमार्जन गरिने छ ।
- विद्यार्थीहरूको शैक्षिक गुणस्तर वृद्धी गर्नको लागि Revision Test Papers एवं Suggested Answers समयमै नियमित रूपमा प्रकाशित गर्ने एबं तिनको गुणस्तर अनुगमन गर्ने तर्फ थप पहल गरिनेछ ।
- प्रत्येक तहका विद्यार्थीहरूलाई तयारी कक्षा (Crash Course) नियमित रूपमा संचालन गर्ने र यस्ता कक्षा परीक्षा शुरू हुनुभन्दा एक महिना अघि नै सम्पन्न गर्ने व्यवस्था मिलाइने छ ।
- गरीब तथा जेहेन्दार विद्यार्थीको लागि छात्रवृत्तिको व्यवस्थालाई निरन्तरता दिइनेछ । यसको लागि सहयोग गरिरहनुभएका संस्थाका सदस्य महानुभावहरू एवं अन्य व्यक्ति तथा निकायसँग निरन्तर सहकार्य गरिने एवं यसको दायरा बढाउन थप पहल गरिने छ ।
- संस्थाले विभिन्न कोचिङ्ग सेन्टरहरूलाई सम्बन्धन प्रदान गरिरहेको र ती सेन्टरहरूले संस्थाले तोकेको मापदण्ड पूरा गरे/नगरेको एवं गुणस्तरीय शिक्षा प्रदान गरे नगरेको सम्बन्धमा निरन्तर अनुगमन गरिनेछ । साथै संस्थाले तोकेको मापदण्ड पूरा गरी आवेदन गरेमा थप सेन्टरहरूलाई सम्बन्धन प्रदान गरिने छ ।
- GMCS तालिमको सम्बन्धमा ICAI बाट प्राविधिक सहयोग प्राप्त गरी तालिम संचालन सम्बन्धी कार्य व्यवस्था तय गरिने छ ।
- संस्थाको पुस्तकालयमा पर्याप्त अध्ययन सामग्री (Resource Material) को व्यवस्था गरिने छ ।
- विभिन्न तहका विभिन्न विषयहरूको प्रश्नपत्र बनाउने, छनोट गर्ने, उत्तरपुस्तिका परीक्षण गर्ने एवं परीक्षासँग सम्बन्धित कार्य अन्य कार्य गर्न शैक्षिक योग्यता एवं परीक्षासम्बन्धी कार्यको अनुभवको आधारमा विषयअनुसार छुट्टाछुट्टै सूची (Roster) तयार गर्ने व्यवस्थालाई सुदृढ गरी निरन्तरता दिईने छ । यसरी सूची तयार गर्दा शिक्षा विभागबाट संचालन गरिने हल टेष्ट एवं पोष्टल टेष्टमा अनुभव प्राप्त स्रोत व्यक्तिहरू पनि क्रमशः समावेश गरिने व्यवस्था मिलाइने छ ।
- परीक्षाको नतीजाका आधारमा विद्यार्थीहरूको Performance सुधार गर्नका निमित्त स्रोत व्यक्तिहरूले औंल्याएका कमी/कमजोरी जानकारी गराई आवश्यक सुधारको मौका दिन सम्बन्धित पक्ष सँग कम्तीमा वर्षको दुई पटक अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ ।
- संस्थाले संचालन गर्ने परीक्षाहरूको स्तर मान्यताका सम्बन्धमा स्वदेशी विश्वविद्यालय सँग आवश्यक छलफल गरिनेछ ।
- Accounting Technician को अध्ययन अध्यापन एवं प्रभावकारीताका सम्बन्धमा नियमित रूपमा अनुगमन गरिने छ ।

## ३. संस्थागत विकास एवं कर्मचारीको क्षमता अभिबृद्धि

- संस्थागत विकास एवं नीति निर्माणमा सहयोग पुगोस भन्ने उद्देश्यले भूतपूर्व अध्यक्षहरू रहने सल्लाहकार समिति बनाइने र उक्त समिति सँग Issue का आधारमा वर्षमा कम्तीमा दुई पटक अन्तरक्रिया गरिने छ ।
- संस्थाको भवन निर्माण कार्य शुरू भएको र लक्ष्य अनुसार सम्पन्न गर्ने तर्फ थप पहल गरिने छ ।
- भवन निर्माणको लागि आवश्यक पर्ने रकमको जोहो गर्न संस्थाका सदस्यहरू सँग अनुरोध गरिएको र अर्थ संकलनको लागि सदस्य, नेपाल सरकार एवं अन्य दातृ निकाय सँग थप पहल गरिने छ ।
- संस्थाको कर्मचारीको मनोबल उच्च राख्न आवश्यकताअनुसार ICAI लगायत अन्य निकायमा अध्ययन भ्रमण तथा तालिमको व्यबस्था गरिने छ ।
- कर्मचारी Performance अभिबृद्धि होस् भन्ने उद्देश्यले Performance Indicator समुचित विकास गरी लागु गरिने छ ।
- नियमित रूपमा संस्थाका कर्मचारीहरूसँग कर्मचारीको बृत्ति विकास, क्षमता अभिबृद्धि लगायत समसामयिक विषयमा अन्तरक्रिया गर्ने ।

## ४. नियमनकारी एवं अन्य सम्बन्धित निकायहरु सँगको सम्बन्ध

- संस्था लेखाव्यवसायको नियमन गर्ने निकाय भएको र यसका लागि विभिन्न नियमनकारी एवं अन्य संघ संस्थाहरूको सहयोग आवश्यक भएको र संस्थाको भूमिका समेत स्पष्ट पार्न एवं संस्था तथा संस्थाको सदस्य प्रति त्यस्ता निकायको धारणा स्पष्ट पार्न ती संस्थासंग थप पहल गरिनेछ ।
- लेखापरीक्षकसँग नियमनकारी निकाय एवं अन्य सम्बन्धित पक्षको अपेक्षा एवं सो सम्वन्धमा लेखापरीक्षकको दायित्व एवं भूमिका जस्ता विषयमा नियमित रूपले बहस, workshop/Seminar तथा पत्रपत्रिका मार्फत स्पष्ट गर्ने ।
- नियमनकारी निकायबाट प्राप्त उजुरीलाई प्राथामिकता दिई छानविनलाई समयमानै टुङ्गो लगाउने र टुङ्गिने क्रममा रहेको उजुरीहरूको कार्यान्वयनको अवस्था समय समयमा जानकारी गराउने ।
- सामयिक/आवधिक रूपमा नेपाल राष्ट्र बैंक, महालेखापरीक्षकको कार्यालय, बीमा समिति, धितोपत्र बोर्ड, आन्तरिक राजस्व विभाग, सहकारी विभाग, लेखामान तथा लेखापरीक्षणमान बार्ड आदिसंग अन्तरक्रिया तथा संयुक्त कार्यक्रम आदिको वातावरण तयार गर्नेतर्फ पहल गरिने छ ।
- संस्थाले अघि सारेको शाखा लेखापरीक्षण (Branch Audit) को अवधारणालाई मूर्त रूप दिन नेपाल राष्ट्र बैंक, बीमा समिति, नेपाल धितोपत्र बोर्डजस्ता नियमनकारी निकायको सहकार्यको लागि पहल गरिने छ ।
- नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्श, नेपाल बैंकर्स संघ, विकास बैंक संघ, वित्त कम्पनी संघ आदिसँग पनि सहकार्यको अवसर सिर्जना गर्न पहल गरिने छ ।

## ५. लेखामान तथा लेखापरिक्षणमानको परीपालना एवं अन्तर्राष्ट्रिय लेखामानको कार्यान्वयन

- संस्थाका सदस्यहरूलाई नियमितरूपमा लेखामान एवं लेखापरीक्षणमानका सम्वन्धमा जानकारी एवं शिक्षा प्रदान गर्ने ।
- लेखामान लागु गर्न NRB, SEBON, Insurance Board, FNCCI, CNI, Nepal Chamber of Commerce जस्ता निकायसँग नियमित रूपमा अन्तरक्रिया गर्ने ।
- नेपालले सन् २०१२ जुलाई देखि क्रमशः IFRS लागु गर्ने IFAC सँग गरेको प्रतिबद्धताको कार्यान्वयनको लागि लेखामान बोर्ड सँग समन्वय गरी एउटा Task Force बनाई अगाडि बढाईने छ ।
- IFRS तालिम संचालन गर्दा विभिन्न संघसंस्थाहरूमा कार्यरत लेखाव्यवसायीहरू एवं लेखापरीक्षण तथा परामर्श सेवामा सेवारत लेखाव्यवसायीहरूलाई छुट्टाछुट्टै तालिमको व्यवस्था गरिने छ । साथै यस प्रकारका तालिमहरू सम्भव भएसम्म क्षेत्रीय स्तरमा पनि संचालन गरिने छ ।
- IFRS को समयमै कार्यान्वयनको लागि चेतनामूलक कार्यक्रम (Awareness Programme) को रूपमा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्श, नेपाल बैंकर्स संघ, नेपाल विकास बैंक संघ, वित्त कम्पनी संघ आदिसँग पनि अन्तरक्रिया कार्यक्रम आयोजना गरिने छ ।

## ६. अन्तर्राष्ट्रिय सम्बन्ध

- संस्थाको अन्तर्राष्ट्रिय छवि अभिवृद्धि गर्न IFAC, CAPA, SAFA लगायत अन्तर्राष्ट्रिय लेखाव्यवसायी संस्थाहरूसँग समन्वय गरी अन्तर्राष्ट्रिय कियाकलापमा भाग लिने एबं त्यस्ता सस्थाहरूमा ICAN को अस्तित्व एवं भूमिका स्पष्ट पारी नेपालको लेखाव्यवसायको विश्वसनीयता बढाउन थप पहल गरिने छ ।
- SAARC क्षेत्रका Accounting Bodies ले लिने चार्टर्ड एकाउण्टेन्सी कोर्सको Syllabus लाई एकरूपता दिने पहल गरिने छ ।
- ICAI लगायत SAARC क्षेत्रका Accounting Bodies को व्यवसायिक परीक्षाको मान्यता (Mutual Recognition) को लागि प्रयास गरिने छ ।

अन्त्यमा माथि उल्लेखित कार्यहरूका सम्बन्धमा परिषद्मा विस्तृत छलफल गरी सोही अनुरूप संस्थाको काम/कारबाही अगाडि बढाइने विश्वास दिलाउन चाहन्छु । यसका लागि म, पार्षद तथा पूर्वअध्यक्षज्यूहरू एवं संस्थाको कर्मचारीको सहयोगको सदैव अपेक्षा समेत राख्दछु ।

मेरो कार्यकाल सफल बनाउन एवं संस्थाको गरीमा बढाउन नेपाल सरकार, महालेखापरीक्षकको कार्यालय, विभिन्न नियमक निकाय, पार्षदज्यूहरू, पूर्वअध्यक्षज्यूहरू, विभिन्न समितिका सदस्यहरू, लेखामान बोर्ड, लेखापरीक्षणमान बोर्ड, व्यबसायिक संगठन, कार्यकारी निर्देशक लगायत सम्पूर्ण कर्मचारीहरू एवं संस्थाका सदस्यहरूको पूर्ण सहयोग हुने अपेक्षा लिएको छु । अन्तमा, नजिक आउँदै गरेको विजयादशमी, दिपावली तथा छठ पर्व २०६८ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु ।

धन्यवाद !

सिए. सुदर्शन राज पाण्डे
अध्यक्ष

मिति २०६८/०४/०६ गते एक कार्यक्रमको बीच उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कारको घोषणा गरियो । उक्त समारोहमा कार्यवाहक महालेखापरीक्षक श्री खेमप्रसाद दहालज्यूले विभिन्न ७ विधामा उत्कृष्ट राष्ट्रिय वित्तीय प्रतिवेदन पुरस्कार प्रदान गर्नुभएको थियो ।

**उत्कृष्ट राष्ट्रिय वित्तीय प्रतिवेदन पुरस्कार प्राप्त गर्ने संस्थाहरु :**

| विधा: Banking Sector (Subject to Prudential Supervision) | | |
|---|---|---|
| क्र.सं | सहभागी बैंकहरूको नामावली | प्राप्त स्थान |
| १ | नविल बैंक लिमिटेड | बिजेता |
| २ | स्टान्डर्ड चार्टर्ड बैंक लिमिटेड | दास्रो स्थान |
| ३ | एनआई.सी. बैंक लिमिटेड | तेस्रो स्थान |

| विधा: Non-Banking Sector (Subject to Prudential Supervision) | | |
|---|---|---|
| क्र.सं | सहभागी संस्थाहरूको नामावली | प्राप्त स्थान |
| १ | ए.सि.ई डेभलेप्मेन्ट बैंक लिमिटेड | बिजेता |
| २ | सानिमा विकास बैंक लिमिटेड | दास्रो स्थान |
| ३ | सिद्धार्थ डेभलेप्मेन्ट बैंक लिमिटेड | तेस्रो स्थान |

| 1. Manufacturing Sector | | |
|---|---|---|
| क्र.सं | सहभागीको नामावली | प्राप्त स्थान |
| १ | बुटवल पावर कम्पनी लिमिटेड | बिजेता |
| २ | युनिलिभर कम्पनी लिमिटेड | दास्रो स्थान |
| **2. Communication and Information Technology Sector** | | |
| १ | नेपाल टेलिकम लिमिटेड | बिजेता |
| **3. Hospitality, Health, Transport and Shipping** | | |
| १ | ओरिएन्टल होटल्स लिमिटेड | बिजेता |
| **4. Public Sector Entities** | | |
| १ | कर्जा सूचना केन्द्र लिमिटेड | बिजेता |
| **5. Non- Banking Financial Sector not Subject to Prudential Supervision** | | |
| क्र.सं | सहभागी संस्थाहरूको नामावली | प्राप्त स्थान |
| १ | प्राईम लाईफ ईन्सुरेन्स कम्पनी लिमिटेड | बिजेता |
| २ | प्रुडेन्सियल ईन्सुरेन्स कम्पनी लिमिटेड | दास्रो स्थान |
| ३ | लाईफ ईन्सुरेन्स कर्पोरेसन (नेपाल) लिमिटेड | तेस्रो स्थान |

उक्त अवसरमा पुरस्कार विजयीहरूको तर्फबाट ओरिएन्टल होटेल लि.का मेनजिङ डाईरेक्टर श्री वि.के. श्रेष्ठले आफ्नो धारणा राख्नुभएको थियो ।

राष्ट्रिय रूपमा उत्कृष्ट ठहरिएका वित्तीय प्रतिवेदनहरूलाई दक्षिण एशियाली लेखाव्यवसायी महसंघ (South Asian Federation of Accountants, SAFA) को norms अनुसार नेपालको तर्फबाट दक्षिण एशियाली लेखाव्यवसायी महसंघ (साफा)मा प्रतिस्पर्धाको निमित्त पठाउने गरिन्छ ।

## कर्मचारीसँग भेटघाट कार्यक्रम

यही मिति २०६८/०४/०६ गते संस्थाका तत्कालिन अध्यक्ष सिए. सुनिरकुमार ढुंगेलले संस्थाका कर्मचारीहरूसंग बसि आफ्नो एक बर्षे कार्यकालमा भएका कार्यहरूको जानकारी प्रदान गर्नुका साथै कर्मचारीहरूले उठाएका जिज्ञासाहरूको जवाफ दिनुभएको थियो । सोही अवसरमा उहांले संस्थाका कर्मचारीहबाट पूर्ण सहयोग प्राप्त भएको विचार व्यक्त गर्नुभई कर्मचारीहरूलाई धन्यवाद समेत दिनुभएको थियो । भविष्यमा पनि आफूले संस्थाको हितको निमित्त कार्य गरिरहने आश्वासन समेत कर्मचारी माझ व्यक्त गर्नुभएको थियो । उक्त कार्यक्रममा संस्थाका कार्यकारी निर्देशक लगायत अधिकांश कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# सदस्य सेवा तथा व्यवसायिक विकास सम्बन्धी समाचार

## सद्स्यता नवीकरण सम्बन्धमा

नेपाल चार्टड एकाउन्टेन्ट्स नियमावली, २०६१ बमोजिम श्रावण १, २०६८ देखि भाद्र मसान्त, २०६८ सम्म सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्था नवीकरण गर्नुहुने सदस्यहरूको विवरण देहाय बमोजिम रहेको छ ।

| विवरण | सदस्यता | | पेशागत प्र.प | | लेखा व्यवसायी फर्म | |
|---|---|---|---|---|---|---|
| | कूल सदस्य | नवीकृत सदस्य | कूल पेशागत प्र.प. | नवीकृत पेशागत प्र.प | कूल लेखा व्यवसायी फर्म | नवीकृत लेखा व्यवसायी फर्म |
| एफ.सि.ए | २१५ | १५३ | १८६ | ९९ | ४११ | १६५ |
| सि.ए | ३४२ | २२१ | ३२२ | ७७ | | |
| आर.ए ख | ३३६४ | १९१६ | ३१११ | १५२९ | ८७७ | ६३४ |
| आर.ए ग | १५७६ | ८४० | १४३७ | ७०९ | ३०८ | १८२ |
| आर.ए घ | २३४३ | १३१६ | २१४५ | १२०८ | १९८ | १४१ |
| जम्मा | ७८४० | ४४४६ | ७२०१ | ३६२२ | १७९४ | ११२२ |

## Refresher Course on Peer Review System सम्बन्धमा

यही मिति २०६८/०४/२९ गते काठमाडौंमा संस्थाबाट आमन्त्रित सदस्यहरूको लागि एकदिने Peer Review System Refresher Course को आयोजना गऱ्यो । यो कार्यशाला, Practice Unit हरूको क्षमता अभिवृद्धि गर्ने प्रमुख उद्देश्य राखि आयोजना गरिएको थियो । यस कार्यक्रममा लेखापरीक्षण गर्दा लेखा व्ययसायीले अपनाउनुपर्ने प्रक्रिया, योजना, डकुमेन्टेसन तथा समग्र Peer Review System को बारेमा सदस्यहरूलाई पुनर्ताजगी गराईएको थियो ।

उक्त कार्यक्रमको पहिलो चरणमा सिए. तीर्थराज उपाध्यायले Peer Review को Concept तथा Processes को बारेमा जानकारी गराउनु भएको थियो भने दोश्रो चरणमा सिए. नन्दकिशोर शर्माले NSQC १ तथा NSA २२० को बारेमा जानकारी गराउनु भएको थियो । त्यसैगरी, तेश्रो तथा चौथो चरणमा सिए. शशि सत्याल तथा सिए. नन्दकिशोर शर्माले क्रमशः Peer Review Procedure तथा Peer Review Reporting System को बारेमा सदस्यहरूलाई जानकारी गराउनु भएको थियो ।

उक्त कोर्षमा परिषद, कमिटि र अडिटिङ्ग तथा एकाउन्टिङ्ग बोर्ड का साथै अन्य सदस्यहरू गरी ३३ जना सदस्यहरूको सहभागिता रहेको थियो ।

## अन्तरक्रिया कार्यक्रम (Interaction Program)

यही २०६८ भाद्र ५ गते होटल अन्नपूर्णमा दक्षिण एसियाली लेखाव्यवसायी महासंघ(साफा) को BPA Evaluation Criteria को बारेमा जानकारी दिने र वित्तीय प्रतिवेदन तयारीको क्रममा देखिएका कमजोरीहरूको बारेमा छलफल गर्ने उद्देश्यले एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो । संस्थाका अध्यक्ष सिए. सुदर्शनराज पाण्डेले उपस्थित महानुभावहरूलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यको बारेमा प्रकाश पार्नुभएको थियो ।

सोही अवसरमा मूल्यांकन मापदण्ड तथा वार्षिक प्रतिवेदनमा देखिएका कमजोरीहरूको बारेमा संस्थाका निवर्तमान अध्यक्ष सिए. सुनिरकुमार ढुंगेलले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्र प्रस्तुतिकरण पछि उपस्थित महानुभावहरूले राख्नु भएको विभिन्न जिज्ञासाहरूको संस्थाका अध्यक्ष, उपाध्यक्ष तथा निवर्तमान अध्यक्षले जवाफ दिनु भएको थियो । वित्तीय प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न रहेका विभिन्न क्षेत्रका करीब ४० जना महानुभावहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा धन्यवाद तथा समापन मन्तव्य संस्थाका उपाध्यक्ष सिए. मधु विर पाण्डेले गर्नुभएको थियो ।

संस्थाले सन २००३ देखि विभिन्न संघ संस्थाहरूको कारोवारहरूमा पारदर्शिताको लागि वार्षिक रूपमा प्रकाशित गर्ने वार्षिक प्रतिवेदन (Annual Report) मध्ये उत्कृष्ट वार्षिक प्रतिवेदनलाई Best Presented Accounts (BPA) Award ले सम्मानित गर्दै आईरहेको छ । साथै विभिन्न क्षेत्रबाट प्राप्त वित्तीय प्रतिवेदनहरूको मूल्यांकनको लागि संस्थाले पनि साफाले तयार गरेको मूल्यांकन मापदण्डको आधारमा मूल्यांकन गर्दै आईरहेको छ ।

## Workshop on Issues on Tax सम्पन्न



कर सम्बन्धी कार्यशाला गोष्ठीको एक झलक

यही मिति २०६८/०५/०९ गते नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) तथा International Finance Corporation (IFC) को संयुक्त आयोजनामा कर सम्बन्धी सेमिनार सम्पन्न भयो । नयाँबानेश्वर स्थित होटल एभरेष्टमा भएको उक्त सेमिनारको शुभारम्भ संस्थाका अध्यक्ष सिए. सुदर्शनराज पाण्डेले स्वागत मन्तव्यबाट गर्नु भएको थियो । तीन सेसनमा सम्पन्न भएको उक्त कार्यक्रममा विभिन्न क्षेत्रका १५२ सहभागीहरूको सहभागिता रहेको थियो । प्रथम सेसन तथा द्वितीय सेसनमा सि.ए. महेश खनालले विभिन्न कर लेखापरीक्षण तथा करमा देखिएका समसामयिक समस्यका बारेमा प्रस्तुतिकरण गर्नु भएको थियो भने तेस्रो सेसनमा आन्तरिक राजस्व विभागका उपमहा-निर्देशक श्री लक्ष्मण अर्यालले कर व्यवस्थापनका समसामयिक विषयमा प्रस्तुतिकरण गर्नुभएको थियो । उक्त सेसनको अन्तमा संस्थाका अध्यक्ष लगायत आन्तरिक राजस्व कार्यलयका महा-निर्देशक श्री राजन खनाल, नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष श्री पशुपती मुरार्का तथा नेपाल चेम्बर अफ कमर्शका कर समितिका सभापति श्री पर्शुराम दाहाल सहित Panel Discussion भएको थियो । कार्यक्रमको अन्तमा संस्थाका उपाध्यक्ष सिए. मधु विर पाण्डेले कार्यक्रमका सहभागीहरूलाई धन्यवाद दिनुभई कार्यक्रमको समापन गर्नु भएको थियो ।

## Accrual Accounting System सम्बन्धी अन्तरक्रिया कार्यक्रम

यही मिति २०६८/०३/२७ गते नेपाल सरकार, स्थानीय विकास मन्त्रालयबाट जर्मन अन्तराष्ट्रिय नियोग (GIZ) को सहयोगमा तयार पारिएको नगरपालिकाहरूको Accrual Accounting System Manual (Draft) को प्रस्तुतिकरण कार्यक्रममा संस्थाका तर्फबाट प्राविधिक निर्देशक सिए. परमानन्द अधिकारीले भाग लिनुभएको थियो । उक्त कार्यक्रममा उहाँले